मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

**सूचना**

घर भाडामा दिँदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको प्रहरी इकाइमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : १३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर १५ गते सोमबार (Monday, November 30. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## विकासमा फड्को मार्दै दक्षिणी झापा



**राजगढ, मंसीर १४।** संघीय सांसद राजेन्द्रकुमार लिङ्देनको अगुवाईमा झापाको दक्षिण क्षेत्रमा सडक निर्माण कार्यलाई तीव्र पारिएको छ। कतिपय स्थानमा सडकको स्तरोन्नति हुँदैछ भने कतिपय स्थानमा कालोपत्रे गर्ने काम शुरु गएको छ।

विकासको दृष्टिले उपेक्षामा रहेको झापा-३मा अहिले विकासको लहर आएको स्थानीयको भनाइ छ। हिमाली सडक खण्ड अन्तर्गत फूलबारी चौक उत्तरबाट चकचकीसम्मको सडक कालोपत्रेसंगै राजगढलाई रिङरोडले जोड्ने गरी सडक कालो पत्रेको कामलाई अघि बढाइएको छ। ६ करोड रुपैयाँको लागतमा लक्ष्मीपुर-घेरावारी सडकको फूलवारी चौक उत्तरबाट दक्षिणमा चकचकी बजारसम्मलाई कालोपत्रे गरिने भएको छ। जसका लागि अहिले पहिलो चरणको काम भइरहेको प्रतिनिधिसभा सदस्य लिङ्देनले जानकारी दिए।

त्यस्तै सैनिकमोड-गोलधाप हुँदै राजगढसम्म जोड्ने सडक निर्माणको काम शुरु गरिएको छ। यो आर्थिक वर्षमा सम्पन्न हुने गरी चार करोड रुपैयाँको लागतमा सडक कालोपत्रे गर्ने काम अघि बढाइएको छ। यो वर्ष गोलधापसम्म सडक कालोपत्रे हुने बताइएको छ। आईसीआईपी प्रोजेक्ट अन्तर्गत हल्दिवारीमा सडक निर्माणको काम सम्पन्न हुन लागेको छ। त्यस्तै पाराखोपी-खर्साङ्वारी चौकसम्म सडक निर्माणको ठेक्का लागेको छ भने कचनकवल गाउँपालिकामा मात्रै चारवटा सडक बहुवर्षीय आयोजना अन्तर्गत निर्माणको चरणमा रहेको प्रतिनिधिसभा सदस्य लिङ्देनले बताए। कचनकवलमा यो वर्ष मात्रै २० किलोमिटर भन्दा बढी सडक कालोपत्रेको काम सम्पन्न हुने लिङ्देनको भनाइ छ।

३० करोड रुपैयाँको लागतमा रणनीतिक सडकका रुपमा घेरावारीदेखि उत्तर आउने सडक (राजगढ) निर्माणको ठेक्काको प्रक्रियामा रहेको लिङ्देनले बताए। सडक निर्माणसँगै वर्षौदेखि समस्यामा रहेको दक्षिणी झापाका नागरिकको जीवनस्तरमा परिवर्तन आउने उनको भनाइ छ। सडक निर्मार्णसँगै त्यहाँका स्थानीयको विकास निर्माणको आधा समस्या हल भएर जाने लिङ्देनले बताए। विकास निर्माणको पहिलो आधार नै सडक सञ्जाल रहेछ- लिङ्देनले भने- सडक सहज रुपमा प्रयोग गर्न पाएपछि शिक्षा लिनदेखि अन्य कामका लागि आवत जावतका समस्या हटेर जान्छ।

राजगढलाई केन्द्र बनाएर रणनीतिक सडक निर्माणको काम सम्पन्न भएसँगै राजगढ केन्द्र भएर जाने लिङ्देनको भनाइ छ। हिमाली मार्ग, चारपाने-राजगढ सडकखण्ड, सैनिकमोड-गोलधाप हुँदै राजगढ, हुलाकी मार्ग र दक्षिणबाट पनि घेरावारीदेखि राजगढसम्मको सडकलाई स्तरोन्नति गर्दै कालोपत्रे गरेसँगै दक्षिण क्षेत्रले विकासमा ठूलो फड्को मार्छ- लिङ्देनले भने। चारपाने-

*(बाँकी अन्तिम पृष्ठमा)*

# बाख्रा पालेर लाखौं कमाई

**पाँचथर, मंसीर १४।** पाँचथरको फाल्गुनन्द गाउँपालिका-७ दोवाटेका राजेन्द्रप्रसाद भण्डारीलाई बैदेशिक रोजगारीमा जान मन नलागेको भने होइन। सँगैका साथी खाडीदेखि युरोपियन मुलुकसम्म पुगेर कमाएको पैसाले बर्षेनि खेत वारी जोड्दा आफूले पनि त्यस्तै गर्न पाए हुन्थ्यो भन्ने सोच उनमा पनि पलाएको थियो।

तर, बूढा भएका 'बा' लाई हेरचाह गर्ने कोही नभएपछि उनी बैदेशिक रोजगारीमा जान पाएनन्। 'बा' को हेरचाहसँगै घरधन्दा र घाँसदाउरानै उनको दिनचर्या भएपछि आर्थिक उपार्जनको कुनै माध्यमम नै भएन। बुढ्यौलीले थलिएका बुवाको निधन हुनु र हुर्कदै गरेका लालाबालाको भविष्य प्रतिको चिन्ताले अन्ततः उनले बाख्रा पालन गर्ने अठोट गरे। बाख्रा पालन शुरु गरेको पहिलो वर्ष नै ६ लाख रुपैयाँ आम्दानी गरेपछि व्यवसायिक पशुपालनमा उत्साहित बनेका भण्डारीले अहिले लोकल कुखुरादेखि भैंसीसम्म पालन गर्दै मासिक एक लाख रुपैयाँसम्म आम्दानी गरिरहेका छन्। उनले गत वर्ष वाख्रा पालनबाट मात्रै ६ लाख रुपैयाँ आम्दानी गरेको बताए।

कामले काम सिकाउँछ भने झैं आफैंलाई परेपछि विकल्पको खोजीमा रहेका भण्डारीले अहिले आफू मात्र होइन गाउँका युवालाई समेत व्यवसायिक वाख्रा पालनमा प्रोत्साहित गर्दै आएका छन्। फाल्गुनन्द गाउँपालिकाले ६० हजार रुपैयाँको लागतमा खरिद गरिदिएको जमुनापारी प्रजातिको बीऊ बोको गाउँका सबैलाई दिएर सहयोग पुऱ्याउँदै आएको भण्डारीले बताए। राजेन्द्रप्रसाद भण्डारीले भने उन्नत जातका ४५ वटा खसी बोका र माउ बाख्रापालन गरेका छन्। उन्नत जातका बाख्रापालन गरेका कारण मनग्य आम्दानी हुने गरेको भण्डारीको भनाइ छ।

पाँचथरको दोवाटेका भण्डारीकै सिको गर्दै अहिले अन्य युवाले समेत परम्परागत रुपमा पालिँदै आएको बाख्रा पालनलाई त्यागेर व्यवसायिक बाख्रापालनमा चासो देखाएका छन्। भण्डारी जस्तै दोवाटेकै देवीचन्द्र गड्तौला, खोमनाथ भण्डारीसहित अहिले सिङ्गो दोवाटेवासी व्यवसायिक वाख्रा पालनमा अग्रसर भएका छन्। गड्तौलाले बाख्रा बिक्री गरेर मात्रै मासिक ५० हजारभन्दा बढी आम्दानी गर्दै आएका छन् भने खोमनाथले पनि बाख्रालाई व्यवसायिक रुप दिएर मासिक ३०/४० हजार रुपैयाँ आम्दानी गरिरहेको बताए। अहिले उनले २५ वटा बाख्रा पालेका छन्।

बाख्रापालनका लागि प्रशस्त खुल्ला ठाउँ हुनु, डालेघाँस प्रशस्तै पाइनु, अम्रिसो, धुस, दुदिलो, गोगन जस्ता पोसिलो घाँसका कारण बाख्रा सप्रिनु र बिक्रीका लागि समेत

*(बाँकी अन्तिम पृष्ठमा)*



## विदेशको काम छोडेर बाख्रापालनमा रमाए अमोद

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, मंसीर १४।** काम र दामको खोजीमा झापा मेचीनगर-६ काँकरभिट्टाका २४ वर्षीय अमोद उप्रेतीले आठ वर्ष मलेसियामा व्यतीत गरे। ऊर्जाशील जीवनका केही सयम त्यतातिरै लगाए। भएभरको श्रम र शक्ति खर्चेर विदेशीभूमिमा पसिना बगाए। विदेशमा ग्लास कम्पनीमा आफ्नो जीवनको ऊर्जाशील समय बिताए उनले।

तर, उनले जति श्रम र मेहनत गरे सोचे अनुसारको काम र दाम नभएपछि स्वदेश फर्किए र व्यवसायिक बाख्रापालन शुरु गरे। उप्रेतीले गाउँमा फर्किएर केही गरौं भन्ने सपना देख्न थाले। विदेश बसाईको आठ वर्षपछि उनी स्वदेश फर्किए। स्वदेश फर्किए लगत्तै उनले बाँझो बारीमा बाख्रापालन शुरु गरे। अहिले उनलाई विदेशको कमाई भन्दा स्वदेशकै कमाई प्यारो छ। मलेसियामा पसिना बगाएर फर्किएँ तर यहाँकै कमाईबाट आनन्द प्राप्त भएको छ- उनले भने।

पढाइबीचमै छाडेर उनी वैदेशिक रोजगारमा होमिएका थिए। विदेशको मोहले न पढाइ, न त हातमा दाम, समयको बर्बादी, गाउँमै बसेर पहिले नै बाख्रापालन गरेको भए मालामाल हुने उनको अनुभव छ। करिब ८ देखि १० लाखको लगानीमा व्यवसाय शुरु गरेका उनले दुई सयभन्दा बढी बाख्रा पाल्ने योजना बनाएका छन्। आफ्नै जमिनमा बिभिन्नथरिका घाँस रोप्ने योजना उनीसँग छ। गाउँमै बसेर पहिले नै कृषि क्षेत्रमा केही गरेको भए मालामाल भइने रहेछ- उनले भने।

उनको फार्ममा २७ माऊबाख्रासहित खसी र बोका समेत छन्। जमुनापारी, स्थानीय, बोयर क्रस जातका बाख्रा छन्। सयभन्दा बढी बाख्रा पाल्ने लक्ष्य उनको छ। विदेशबाट फर्किएर आफूले व्यवसायिक बाख्रापालन थालेका कारण निक्कै सन्तुष्ट मिलेको उनको भनाइ छ। विदेशमा बसेर काम गर्नुभन्दा आफ्नै देशमा सजिलो र परिवारसँगै सुख-दुःख साटासाट गरेर काम गर्दा मन पनि खुशी हुने उनको तर्क छ। स्वदेशमा फर्किएपछि गाउँमै ऋणधन गरेर १० लाख रुपैयाँको

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'एएसएसएन' को केन्द्रीय सदस्यमा डा. शाही



**बिर्तामोड, मंसीर १४।** एशोसिएशन अफ स्पाइन सर्जन अफ नेपाल (एएसएसएन) को केन्द्रीय सदस्यमा वरिष्ठ स्पाइन सर्जन डा. प्रेमबहादुर शाही निर्वाचित भएका छन्।

एशोसिएशन अफ स्पाइन सर्जन अफ नेपालको काठमाडौंमा भएको निर्वाचनबाट उनी दुई वर्षे कार्यकालका लागि केन्द्रीय सदस्यमा निर्वाचित भएका हुन्।

वरिष्ठ स्पाइन सर्जन डा. शाही झापाको बिर्तामोडस्थित कनकाई हस्पिटलका अध्यक्ष तथा मेडिकल डाइरेक्टर हुन्।

वरिष्ठ स्पाइन सर्जन डा. शाहीले कनकाई हस्पिटल बिर्तामोडले आठ वर्षअघि प्रदेश नं.१ मै पहिलो पटक स्पाइनल सर्जरी सेवा शुरु गरेको र हाल माइक्रोएण्डोस्कोपिक स्पाइन सर्जरी सम्बन्धी सेवा शुरु गरेर स्पाइनका विरामीलाई सेवा दिइरहेको जानकारी दिए।

## महासंघको नेतृत्व चयन



चन्द्र ढकाल



उमेश डालमिया



हेमराज ढकाल

**बिर्तामोड, मंसीर १४।** नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा व्यवसायी चन्द्रप्रसाद ढकाल निर्वाचित भएका छन्।

त्यस्तै झापा बिर्तामोडका व्यवसायी उमेश डालमिया दोस्रो कार्यकालका लागि पुनः केन्द्रीय सदस्यमा निर्वाचित भएका छन्। उनीसँगै झापा भद्रपुरका अर्का उद्योगपति हेमराज ढकाल पनि निर्वाचित भएका हुन्।

ढकालले निकटतम् प्रतिष्पर्धी किशोर प्रधानलाई पराजित गरेका हुन्। महासंघको नयाँ नेतृत्वका लागि शनिबार निर्वाचन भएको थियो। महासंघको निर्वाचन समितिका अनुसार बिजयी

*(बाँकी अन्तिम पृष्ठमा)*

## परालको बोझामा महिलामाथि जवरजस्ती गर्दा...

**मोरङ, मंसीर १४।** ३५ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा रंगेली नगरपालिका-५ बहुवानस्थित कदमगाछी बस्ने २५ वर्षीय बौका भन्ने सुरेन्द्र मण्डललाई प्रहरीले पक्राउ गरेको छ।

सुरेन्द्रले ती महिलालाई शुक्रबार दिउँसो सोही ठाउँस्थित परालको बोझामा जबरजस्ती करणी गरेको भन्ने खबर शनिबार दिउँसो प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दोलखा भीमेश्वर नगरपालिका-७ माने घर भई भक्तपुर दुवाकोट बस्ने २० वर्षीय श्याम कृष्ण केसीलाई प्रहरीले पक्राउ गरेको छ। श्यामले ती बालिकालाई गत साउन १८ गते जबरजस्ती करणी गरेको भन्ने खबर शनिबार दिउँसो प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

CTEVT बाट सम्बन्धन प्राप्त यस (TECS) विद्यालयमा डिप्लोमा तहको हाईड्रोपावर इञ्जिनियरीङ (Diploma in Hydropower Engineering)मा अध्ययन गर्न ईच्छुक विद्यार्थीहरुलाई भर्नाको लागि यो सूचना प्रकाशित गरिएको छ।

- **शैक्षिक योग्यता :** SLC/TSLC उत्तीर्ण वा SEE मा गणित र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त
- **फारम बुझाउने मिति :** २०७७ मंसीर ०५ शुक्रबारदेखि २०७७ मंसीर १५ गते सोमबार सम्म
- **फारम शुल्क :** रु. ८००/- मात्र
- **आवश्यक कागजात :** शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि र MRP (35x45 mm) साइजको फोटो २ प्रति
- **फारम बुझाउने स्थान :** मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड-२ , रामचौक, झापा

थप जानकारीका लागि :- **मोहनमाया माध्यमिक विद्यालय**

०२३-५४३६५२, ९८४२७०४७३४, ९८४२६८४३५१, ९८०३४७०१६०, ९८१५९३६६६८

**शेरबहादुर श्रेष्ठः प्रधानाध्यापक**

**कर्मचारी आवश्यकता सम्बन्धि सूचना**

हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. मुख्य कार्यालय बिर्तामोड-४ झापाको मुख्य कार्यालयको लागि तपशिल अनुसारको कार्यालय सहयोगी कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकहरुबाट आवदेनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

- पद : कार्यालय सहयोगी (महिला)
- उमेर : २१ बर्ष पूरा भई ३५ ननाघेको
- शैक्षिक योग्यता : S.L.C. सम्म
- तलब : रु. ११,५००/-
- आवश्यक संख्या : १
- सेवाको प्रकार : करार
- छनौट प्रकृया : मौखिक, अन्तरवार्ता
- फारम भर्ने अन्तिम मिति : २०७७ मंसीर २२ गतेसम्म।
- सम्पर्क : ०२३-५४५३५५

**सहायक प्रबन्धक**

# रक्सी पिएर प्रहरीलाई अभद्र व्यवहार गर्ने पक्राउ

**खोटाङ, मंसीर १४।** ड्युटीमा खटिएको प्रहरीमाथि अभद्र व्यवहार गरेको अभियोगमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ जाल्पा बस्ने ३२ वर्षीय कमालबहादुर आले मगर र २७ वर्षीय छबिराज राईलाई प्रहरीले पक्राउ गरेको छ।

मादकपदार्थ सेवन गरी उनीहरुले सोही ठाउँ बस्ने पर्शुराम राईको घरमा ढुंगा प्रहार गरी घरको ढोका फोरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जाल्पाबाट खटिएको प्रहरीले सम्झाई बुझाई गर्ने क्रममा उनीहरुले प्रहरीमाथि नै हातपात गरी अभद्र व्यवहार गरेपछि प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

उता भक्तपुर चाँगुनारायण नगरपालिका-४ न्याचोपौवास्थित ड्युटीमा खटिएका प्रहरीमाथि अभद्र व्यवहार गरेको अभियोगमा ललितपुर महानगरपालिका-१३ बस्ने २३ वर्षीय शुलभ नापितलाई प्रहरीले पक्राउ गरेको छ।

बिना कागजपत्र बा.४०प ५६७० र प्रदेश ३-०२-००३ प ७०८३ नम्बरको मोटरसाइकलमा सवार नापित समेतका ४ जनालाई प्रहरी चौकी चाँगुबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरुले ड्युटीमा खटिएका प्रहरीसँग विवाद गर्नुका साथै हातपात गरी अभद्र व्यवहार गरेपछि उक्त कार्यमा संलग्नमध्ये नापितलाई प्रहरीले पक्राउ गरी अन्य ३ जनाको खोजी गरिरहेको छ। साथै प्रहरीले दुवै मोटरसाइकल नियन्त्रणमा लिएको छ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सुनसरीले कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीहरुलाई १३ बर्षपछि पक्राउ गरेको छ।

सम्मानित जिल्ला अदालत सुनसरीको मिति २०७१ साउन २९ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा २० बर्ष कैद सजाय तोकिएका सोही स्थानका ३२ बर्षीय कृष्णकुमार धामीलाई पक्राउ गरेको हो। पक्राउ परेका यी प्रतिवादी लगायत अन्य साथीहरु समेतले २०६४ साल बैशाख २८ गते साथीको बिबाहमा जन्ती गएको समयमा एकम्बा-४ का सुनेर कुमार ठाकुरलाई सामान्य बादबिबादको बिषयलाई लिएर छुरा प्रहार गरी फरार भएका थिए।

# ब्राउनसुगर बोक्ने दुई भारतीयसहित आठ जना पक्राउ



**झापा, मंसीर १४।** भद्रपुरमा लागूऔषध ब्राउन सुगरसहित ६ जना पक्राउ परेका छन् । तीनमध्ये दुई जना भारतीय नागरिक रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए ।

लागूऔषधसहित पक्राउ पर्नेमा भद्रपुर नगरपालिका-४ बस्ने १९ वर्षीय पुष्कर थापा, सोही ठाउँका २१ वर्षीय राजन माझी, भद्रपुर-५ बस्ने २६ वर्षीय मदन विक, हल्दिवारी-१ बस्ने लोकेन्द्र गुराँगाई रहेका छन् । उनीहरूलाई प्रहरीले शनिवारसाँझ पक्राउ गरेको हो ।

भद्रपुर-४ स्थित डाँगीवारीमा चेकजाँचमा खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूको साथबाट ७ ग्राम लागूऔषध ब्राउन सुगर फेला पारी पक्राउ गरेको हो । पक्राउ परेका उनीहरूलाई आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय भद्रपुरमा राखिएको थियो ।

त्यस पश्चात् उनीहरूले दिएको बयानको आधारमा प्रहरीले आइतबार बिहान थप दुई जना भारतीय नागरिकलाई ब्राउन सुगरसहित सोही नाकाबाट पक्राउ परेको डीएसपी थापाले जानकारी दिए ।

पक्राउ पर्नेमा भारतको विहार राज्य किशनगञ्ज जिल्ला गलगलिया-४ बस्ने १९ वर्षीय महमद जबर र सोही स्थानका ५९ वर्षीय ऐजुब महमद अली रहेको उनले बताए । प्रहरीले उनीहरूका साथबाट पाँच ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

यता पक्राउ परेका छ जनालाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापामा राखिएको छ । झापा जिल्ला अदालतबाट म्याद थप गरी कारबाही प्रक्रिया अघि बढाइसकेको जनाइएको छ ।

त्यसैगरी सुनसरीमा नियन्त्रित लागूऔषध ब्राउनसुगरसहित दुई जना पक्राउ परेका छन् ।

शनिवार अपरान्ह ५ बजे इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१०का ३१ बर्षीय बिकी श्रेष्ठलाई ८ ग्राम ५० मिलिग्राम लागूऔषध ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

यस्तै सोही टोलीले धरान-३का २६ बर्षीय रिहान अन्सारीलाई ३५ मिलिग्राम लागूऔषध ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

# परीक्षा हेर्न जाँदा महिला शिक्षकको मृत्यु, दुर्घटनामा चार जनाको ज्यान गयो

**बिराटनगर, मंसीर १४।** मोरङ र झापाका छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ ।

मोरङको सुन्दरहरैंचा नगरपालिका-८ सलकपुरमा को२त ३१९६ नम्बरको ट्याक्टरले को३८प १६६५ नम्बरको स्कुटरलाई ठक्कर दिँदा घाइते भएका स्कुटर चालक सुन्दरहरैंचा नगरपालिका-५का ४२ बर्षीय मकेश्वर चौधरीको उपचारको मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।

यसैगरी मोरङकै उर्लावारी नगरपालिका-८मा मे४प ९२८५ नम्बरको मोटरसाइकल शनिवारराति ८ बजे अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका मोटरसाइकल चालक स्थानीय ३० बर्षीय उपेन्द्र दनुवार र सोही मोटरसाइकल पछाडि सवार रहेका तेह्रथुम म्याङ्लुङ-९का ४५ बर्षीय श्याम तामाङको अरनिको अस्पतालमा उपचार भइरहेकोमा उपचारको क्रममा तामाङको राति सवा ८ बजे मृत्यु भएको इलाका प्रहरी कार्यालय उर्लावारीले जनाएको छ ।

यस्तै झापाको अर्जुनधारा नगरपालिका-८ मा को१क १५८७ नम्बरको जेसीबीले प्रदेश १-०१-०१२-प ७१५४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घाइते भएका मोटरसाइकल चालक अर्जुनधारा नगरपालिका-५का ३२ बर्षीय दीपककुमार बुढाथोकीको उपचारको क्रममा राति साढे ७ बजे बिर्तामोडको वीएण्डसी अस्पतालमा मृत्यु भएको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।

उता मोरङ सुन्दरहरैंचा-७ बस्ने ४० बर्षीय बिजेस लिम्बूको मोटरसाइकल दुर्घटनाबाट मृत्यु भएको छ । आइतवार सुन्दरहरैंचा-८ सलकपुरस्थित राजमार्गमा प्रदेश नं. १-०१-००१ ख ३४१० नम्बरको बसले को२१प ५९९१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक लिम्बू गम्भीर घाइते भएका थिए ।

घाइते लिम्बूको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । ठक्कर दिने बस र चालक झापा कन्काई-१का २९ बर्षीय बाबुलाल उराऊ नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

यसैबीच जिल्लाको जोरायल गाउँपालिका-४ घण्टेश्वर माध्यमिक विद्यालयमा बालविकास सहजकर्ताका रुपमा कार्यरत २६ वर्षीया शिक्षक टिकेश्वरी साहू (खड्का) को अकस्मात मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय जोरायलका प्रमुख तथा प्रहरी नायब निरीक्षक महेन्द्र थापाका अनुसार सो विद्यालयमा सञ्चालन भइरहेको कक्षा १२को परीक्षामा निरीक्षकका रुपमा सहभागी हुन विद्यालय नजिक पुग्दै गर्दा उनी एक्कासी बेहोस भएर उनी ढलेकी थिइन् ।

बेहोस भएकी उनलाई उपचारका लागि जोरायल गाउँपालिकाको रावतकट्टेमा रहेको जोरायल फार्मेसीमा लैजाने क्रममा बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय जोरायलले जनाएको छ ।

## महासंघको ...

ढकालले ३० प्रतिशत मत भार रहेको एशोसिएटमा ५२२ मत प्राप्त गर्दा प्रधानले ३७५ मत पाएका थिए । यस्तै २० प्रतिशत मत भार रहेको वस्तुगतमा ढकालले ५९ मत र प्रधानले ३९ मत प्राप्त गरेका थिए । त्यसैगरी ५० प्रतिशत मतभार रहेको जिल्ला/नगरतर्फ ढकालले ५२ मत तथा प्रधानले ५३ मत प्राप्त गरे ।

निर्वाचन समितिका अनुसार वरिष्ठ उपाध्यक्षमा विजयी ढकालले समग्रमा ५४.२६ प्रतिशत मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी प्रधानले ४५.७४ प्रतिशत मत प्राप्त गरे । यो बिजयसँगै ढकाल निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासंघको २०औँ अध्यक्ष बन्ने निश्चित भएको छ । महासंघको विधानमा वरिष्ठ उपाध्यक्ष नै आगामी कार्यकालको अध्यक्ष बन्ने प्रावधान छ । सोही विधान अनुसार हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

वरिष्ठ उपाध्यक्षसहित अन्य पदका लागि ढकाल र प्रधान समूहले प्यानल नै बनाएर उम्मेदवारी दिएका थिए । त्यसमा वस्तुगततर्फको उपाध्यक्षमा अञ्जन श्रेष्ठ, जिल्ला नगरतर्फ दिनेश श्रेष्ठ विजयी भए । उनीहरु दुवै जनाले प्रधान समूहबाट निर्वाचनमा भाग लिएका थिए । वस्तुगततर्फ बिजयी अञ्जन श्रेष्ठले ६२ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी उमेशलाल प्रधानले ३७ मत प्राप्त गरे । जिल्ला नगरतर्फका उपाध्यक्ष दिनेश श्रेष्ठले ५८ मत प्राप्त गरी बिजयी हुँदा ढकाल समूहका गुणनिधि तिवारीले ४७ मत प्राप्त गरे ।

यस्तै एसोसिएट्सतर्फ ढकाल समूहका रामचन्द्र संघाई विजयी भएका छन् । संघाईले ४५५ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी सौरभ ज्योतिले ४३४ मत प्राप्त गरे । महासंघको जिल्ला नगरतर्फको कार्यकारिणी सदस्यमा राजन श्रेष्ठ, तारानाथ अधिकारी, कमलकुमार श्रेष्ठ, चक्रबहादुर अधिकारी, अरुणराज सुमार्गी, देवकुमार श्रेष्ठ, रामेश्वर मानन्धर, शोभाकान्त पौडेल, सुरकृष्ण वैद्य, गजेन्द्र भगत, कुविरकुमार श्रेष्ठ, कमानबहादुर खड्का बिजयी भएका छन् । यस्तै, गोपाल केडिया, महेन्द्रकुमार श्रेष्ठ, कमलकुमार श्रेष्ठ, उमेश डालमिया, किशोरकुमार आचार्य विजयी भएका छन् ।

## विकासमा ...

राजगढ सडकमा कालोपत्रे गर्ने काम भइरहेको छ । सैनिकमोड, गोलधाप हुँदै राजगढ जोड्ने सडक पनि निर्माण गरिँदैछ । चार करोड रुपैयाँको लागतमा सडक कालो पत्रेको काम अघि बढाइएको छ भने हिमाली सडकको कालोपत्रेको कामका लागि ६ करोड रुपैयाँ विनियोजन गरेकाले यसै आर्थिक वर्षभित्र धेरै सडकको स्तरोन्नतिको काम सम्पन्न हुनेछ ।

ग्रामीण क्षेत्रमा सडक कालोपेत्रको काम धमाधम हुन थालेपछि स्थानीय उत्साहित बनेका छन् । बाह्रदशी गाउँपालिका-३ राजगढकी रुकमिणा उप्रेतीले अघिल्लो पुस्ताले कालोपत्रे हेर्न शहरै पस्नुपर्ने अवस्था रहेको र आफूहरुले पनि बिर्तामोड, दमक ,भद्रपुर जाँदा मात्रै कालो पत्रे सडक देख्नुपरेको अवस्था थियो भन्दै सडक निर्माणप्रति खुशी व्यक्त गरिन् । उनले भनिन्- हाम्रो पुस्ताले आफ्नै ठाउँमा सडक कालोपत्रे भएको देख्न पायौं, अत्यन्त खुशी लागेको छ । केही वर्ष अघिसम्म मात्रै पनि वर्षा याममा हिँड्न सक्ने अबस्था थिएन । अहिले सहज हुँदै गएको छ, अझ सडक कालोपत्रे हुन थालेपछि हामीलाई थप सुविधा हुने भयो । उप्रेती मात्र होइन स्थानीय दिलीप सिग्देल, वीरवल भेटुवालले पनि सडक कालोपत्रे र गाउँका स-साना वाटाको स्तरोन्नति भएसँगै खुशी व्यक्त गरेका छन् ।

यता वाह्रदशी गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले समेत मुलुक संघीय संरचनामा गएसँगै गाउँमा विकास निर्माणका कामले गति लिएको बताए । उनले संघ, प्रदेश र स्थानीय तहको रकमले गाउँमा बाटाघाटा बनाउनदेखि पुल-पुलेसा र विद्युत विस्तार गर्दै विकासका सबै पूर्वाधार गाउँमा नै प्रदान गर्न खोजिएको बताए । ग्रामीण क्षेत्रको पूर्वाधार विकास गर्दै सहज जीवनयापनका लागि यहाँका नागरिकसँग हातेमालो गरिरहेको अध्यक्ष राजवंशीको भनाइ छ ।

## विदेशको ...

लागतमा बस्ने घरसहित बाखा फार्म स्थापना गरेका उप्रेतीले व्यावसायिकरूपमा बाखा फार्म शुरु गरेपछि यतिबेला उनको दिनचर्या बाखाको हेरचाहमै बित्न थालेको छ ।

खसीजति मासुका लागि तथा बाखा सन्तान उत्पादनका लागि बिक्री हुने गरेको छ । दशैंका बखत निक्कै खसी विक्री भएको उनको भनाइ छ । बाखा पालन शुरु गरेको आठ महिना भयो अहिले नै सोचे अनुसारको आम्दानी नभए पनि व्यवसाय राम्रो हुने देख्छन्- उनी । बोयर र जमुनापारी तथा स्थानीय जातको बाखाबाट अहिले नै धेरथोर कमाउन थालिसकेका छन् ।

उनका फार्ममा भएका बाखा स्थानीय जातका भएका कारण अन्य जातका बाखाको तुलनामा केही साना छन् । तर साना भए पनि उत्पादन राम्रो दिने गरेका छन् । वीऊको लागि उनले आफैं बोका समेत पालेका छन् । विभिन्न कामका लागि स्थानीय बाखाको आवश्यकता पर्ने भएका कारण मूल्य पनि अन्य बाखाको तुलनामा स्थानीय बाखाको राम्रो पर्ने गरेको उनको अनुभव छ । बाखाको बजार मूल्य राम्रो भएपछि आफू व्यवसायमा आकर्षित भएको उनी सुनाउँछन् ।

थोरै भए पनि बाखा पालेर राम्रो आम्दानी हुन थालेपछि घरखर्च चलाउन कुनै समस्या नभएको उनको भनाइ छ । उनले स्थानीय जातका बाखाको संरक्षण गर्न सकेमा यसबाट मनग्य आम्दानी र फाइदा दुवै लिन सकिने बताए ।

स्थानीय सरकारले पनि यहींको उत्पादनलाई प्रोत्साहन गर्न सके यस्ता कर्ममा अन्य मानिसको समेत आर्कषण हुने देखिन्छ । सरकारले दिएको अनुदान भनेको खानलाई मात्र होइन, केही गरेर देखाउनुपर्छ भनेर व्यवसायी समेत लाग्न जरुरी छ ।

## बाखा ...

समस्या नरहेपछि त्यहाँका कृषक खुशी देखिएका छन् ।

केही वर्ष अघिसम्म यस ठाउँमा यातायातको सुविधा थिएन । अहिले यातायातको सुविधासँगै फाइदा पुगेको छ- दोवाटेकै नेत्रप्रसाद पौडेलले भने- यहाँ उत्पादित हरेक कुराले अहिले बजार पाएको छ । अझ खशीबाखा त घरैबाट विक्री हुने भएकाले यस ठाउँका अधिकांश युवा विदेश त्यागेर पशुपालनमा जुटेका छन् । गाउँ-गाउँमा खुलेका डेरी उद्योग र व्यवसायिक बाखा फर्मले कृषकको जीवनस्तर फेरिएको छ- पौडेलले भने ।

मुलुक संघीयतामा गएसँगै स्थानीय तहको पहलमा गाउँ-गाउँमा मोटरबाटो पुग्नु, त्यहाँ उत्पादित कृषिजन्य सामग्रीले बजार पाउनु र व्यवसायिक वाखापालन प्रति सर्वसाधारण आर्कषित हुनुले जिल्लाकै दुर्गम मानिएको साविक आङ्सराङ-७ दोवाटेका कृषक निर्वाहमुखी पशुपालनभन्दा व्यवसायिकतातर्फ केन्द्रीत भएको देखिन्छ ।


**डा. रवि शाही**
MBBS, MD. DM
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
**बरिष्ठ मुटु रोग विशेषज्ञ**

के तपाईं मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ । समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस् ।

सम्पर्कः **प्रदीप फार्मेसी**
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६



**हार्दिक बधाई**



उमेश डालमिया



हेमराज ढकाल

नेपाल उद्योग वाणिज्य महासंघको हालै सम्पन्न केन्द्रीय अधिवेशनबाट शालिन र ऊर्जाशील व्यक्तित्व **उमेश डालमिया** र जुझारु युवा **हेमराज ढकाल** केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरु लगायत सम्पूर्ण निर्वाचित कार्य समितिको कार्यकाल सफल बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**दिनबन्धु गोयल**
भद्रपुर/विराटनगर



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



**अवसर ! अवसर !!**

रोङ गाउँपालिका- ३ कुटीडाँडा छेउ इलामको मनोरम वातावरणमा सञ्चालन हुन गइरहेको ECO Home Resort को लागि निम्नानुसार पद पूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य व्यक्तिले यो सूचना प्रकाशन भएको १० दिनभित्र तपसिलको नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

१) **रिसेप्सनिष्ट** : १ (+२ वा Bachelor)
२) **सेफ** : १ (**स्थानीय परिकार विशेषज्ञ**)
३) **कुक सहायक** : १ (**स्थानीय परिकार बनाउन जान्ने**)
४) **वेटर** : २ (**अनुभवी**)
५) **क्लिनर** : २
६) **सेक्युरिटी** : १ (**पुरुष, ड्राइभिङ गर्न सक्ने**)

नोट : - अनुभवी स्थानीयलाई विशेष प्राथमिकता दिइने छ ।
- निवेदनका साथमा नागरिकता, पीपी साइजको फोटो तथा अनुभवको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
- पहिला काम गरेको भए सो स्थानको सम्पर्क नं. अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

**तपसिल**
९८६२८६१६८०/९८१७०५८८०० (Email: ecohome41@gmail.com)

**इकोहोम रिसोर्ट तथा होम स्टे प्रा.लि.**, रोङ-३, इलाम


**G.Trading Pvt. Ltd.**
Lalitpur, Nepal
Reg. No. 238656/077/078

मितिः २०७७।०८।१२

# प्रेस विज्ञप्ति

**मालपोत कार्यालय तथा नापी कार्यालय भद्रपुर, झापा**

**एउटै जग्गाको २ फरक नक्साको सन्दर्भमा जी ट्रेडिङ्ग प्रा.लि. ललितपुरको ठाडो अलोचना अनि घोर आपत्ति**

झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. १को पाथीभरा सिने प्लाजा अवस्थित निकट ०-७-० कठ्ठा जग्गाको कि.नं. ६२२ को सम्बन्धमा जी ट्रेडिङ्ग प्रा.लि. ललितपुरले गम्भीर ध्यानाकर्षण राखी अनावश्यक रुपमा एकलौटी ढंगले गरेको, फैलाएको भ्रम, सञ्चारित, प्रचारित अनि प्रशारित विज्ञापनमाथि खण्डन र आलोचना गर्न लागेको कुरा सम्बन्धित निकाय, स्थानीय बासिन्दा एवम् बिर्तामोड नगरवासीलाई सम्बोधनका साथ जानकारी गराउँदछौं ।

मुलभूत र सत्यताको आधारमा कम्पनीले झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं १ मा रहेको साविक कि.नं. ६२२ क्षेत्रफल ०-७-० कठ्ठा ससिमै जग्गा कुनै छलकपट, किर्ते र अनभिज्ञ तरिकाले खरिद नगरी जग्गा सम्बन्धी खरिद विक्रीमा गरिने नियमित कानूनी प्रक्रियाले मागेको आधारभूत र आवश्यक प्रमाणित कागजपत्रको सुपत व्यहोराले दमक निवासी नर्वदा चौहान र घनेन्द्रकुमारी थापा (संयुक्त नाममा दर्ता) बाट राजीनामा पास लिई कम्पनीको नाममा श्रेस्ता दर्ता कायम भई आएको कुरा सत्य हो । यो सबैमा जानकारी गराउन चाहन्छौं ।

कम्पनीले श्रेस्ता, मोठ, राजीनामा पारित लिखत, फिल्ड यकिन अनि नापी कार्यालय, भद्रपुर, झापाले प्रमाणित गरेर दिएको नक्सा मालपोत कार्यालयमा भएको श्रेस्ता, जग्गाधनीसंग भएका पुराना लालपूर्जा र अन्य जग्गा सम्बन्धी भएका कागजपत्रका आधारले कम्पनीको नाममा श्रेस्ता दर्ता कायम (दर्ता नं २३८६५६/७७/७८ भई वडा कार्यालय वडा नं. १को सिफारिसमा राजीनामा पास भई आएको कुरा सही साँचो हो ।

मालपोत, तिरो, राजश्व, कर जस्ता शुल्क नियम कानून तथा नेपाल सरकारको ऐनको दायराभित्र रहेर जग्गा खरिद विक्री गरिनु, किनबेच गर्नु यी सबै कदमहरु सरल सामन्य हुन, सामान्य र सरल तरिकाले खरिद विक्रीका सम्पूर्ण प्रक्रियाहरु विधिवत् ढंगले पूरा गरी श्रेस्ता दर्ता कायम भई आएको हो । मालपोत कार्यालय भद्रपुरले दर्ता कायम (२०७७।०७।०३) गरेको समय पश्चात (२०७७।०७।०४ गते भोलिपल्ट) मंगलवारको दिनदेखि नापी कार्यालयले अनावश्यक हर्कत देखाएको छ । सिधा सिधी भाषामा भन्नुपर्दा जग्गा पास गरेको भोलिपल्टदेखि नक्सा लुकाउने, नक्सामा तोडमोड गर्ने, फेरबदल गर्ने, हेराफेरी गर्ने जस्ता क्रियाकलापले अचम्मै पारेको छ ।

नापी कार्यालयबाट यस्ता किसिमका गरिएका व्यवहार भनौंकी हेलचेक्र्याइं, लापर्वाही, उदण्डत, अनि बठ्याइं भनी भनौं यिनै कारणले नापी कार्यालयले जाफनी लाज इज्जत, प्रतिष्ठा, बचाउनका निमित्त नापी कार्यालयका प्रमुखले गल्ती स्वीकार गरेको पुष्टि २०७७ साल कातीक २८ गत शुक्रबारका प्रकाशित पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा खुलस्त पारिएको कुरा सम्बन्धित विभाग, निकाय, प्रशासन अनि जनपक्षीय जनसरोकारवाला जनमानससम्म अवगत गराउन चाहन्छौं ।

जनताको ढिकुटीको सुरक्षा र संरक्षण गर्ने अधिकार लिएको राज्यको संबेदनशील अभिन्न अंग मानिएको भूमि व्यवस्थापन मालपोत कार्यालय तथा नापी कार्यालयबाट यस्ता मतियारी खालका घृणित छलकपटजन्य कार्य नगर्न सम्बन्धित निकाय (मालपोत तथा नापी कार्यालय) लाई खबरदारी गराउँदछौं । जवाफ र नैतिक जिम्मेवारीबाट यति सजिलै पन्छिने, आलटाल गर्ने, झुटो आश्वासन दिने, आफू चोखो बन्न अरु कसैलाई दोष दिने जस्ता नालायक काम विल्कुलै नगरियोस् । यिनै यावत छलकपटजन्य घृणित क्रियाकलापप्रति कम्पनीको घोर आपत्ति छ । यिनै विषयको सन्दर्भमा आएका, गरिएका टिकाटिप्पणी, आलोचना, गल्ती, भूल, त्रुटी, खीचातानी, चियाचर्चा अनि लापर्वाहीको जिम्मेवारको हो त ? जवाफको लागि कतै विलम्ब नहोस् । मिति २०७७ कात्तिक १८ गते नापी कार्यालय भद्रपुर झापाले कित्ता नं. बदर फेरबदल सम्बन्धी उपस्थित हुने पत्र च.नं. १७४ (पं.सं. २०७७।०७८) पत्रको व्यहोराले कम्पनीलाई आवश्यक प्रमाण कागजपत्र छानविनको लागि जुटाउन गरेको हुनाले २०७७ कात्तिक २३ गते भएभरका कागजपत्रको प्रमाणहरु जुटाइ फाइल नापी कार्यालय भद्रपुरलाई दिई फाइल दर्ता समेत गरिएको छ । अहिले किन सम्पर्क बाहिर भनेर प्रचारबाजी गरिरहेको छ नापी कार्यालयले ? छानविन गर्छौं, ०-७-० कठ्ठा जग्गा हामी नापेर छट्याइदिन्छौं, तपाईहरुको ०-७-० कठ्ठा जग्गा चोखो छ, फिल्ड बुकमा श्रेस्ता सबै पूरा छ भनी पटक-पटक फोनमा पनि जानकारी गराउँदै फुस्रो झुटो आश्वासन दिई नापी कार्यालयले कम्पनीले कम्पनीलाई किन भ्रमित बनाइरहेको छ ? नापी कार्यालय किन बेखबर बनिरहेको छ ? आदि इत्यादि विषयमामाथि नावी कार्यालयले सत्यतथ्य छानविन गरेर विवादलाई टुंगो लगाउनुको सट्टा उल्टै नापी कार्यालयको सम्पर्कबाहिर जि. ट्रेडिङ्ग भनी अफवाह किन फैलाएको छ ? प्रकाशित मिति २०७७ मंसीर १० गते बुधवारको पूर्वाञ्चल दैनिकको पत्रिकाले दर्साएको छ ।

नापी कार्यताले गर्ने छानविनको सर्न्दभमा कम्पपनीलाई दिएको समय अवधिको म्यादमा सम्पर्कमै रही कम्पनीले कुनै हद म्याद समयावधि गुजारेको छैन, सबैमा जानकारी होस् । पीडितलाई न्याय र राहत मिलोस् । कम्पनीले अहिलेसम्म यो धितोलाई कुनै बैंक वा वित्तीय संस्थामा धितो बन्दकी राख्ने कार्य गरेको छैन, कसैलाई ठगी गरेको छैन । नापी कार्यालयले जारी गरेको नक्साको कारणले गर्दा कम्पनीको करोडौं लगानी डुब्ने अवस्थामा पुग्ने वाला छ । कसैको साँध सीमाना मिचेको छैन, अनावश्यक धनीपूर्जा देखाएर कसैलाई फसाउने काम गरेको छैन । कित्ता हेराफेरी, मोठमाथि गन्दे नजर राखी कसैलाई केही दबाब गरेको छैनौं- सबैलाई जानकारी होस् ।

छानविन र अनुसन्धानमा आवश्यक माग भई आएको सहयोग नापी कार्यालयलाई दिन सदैव कम्पनी तम्तयार (तत्पर) छ । निष्पक्ष छानविन गरियोस् चाहे कि.नं. ६२२ को नाप नक्साको फिल्ड होस् या त अरु कुनै विवादित कित्ताको समस्या होस् । चित्त नबुझेको अवस्थामा कम्पनीको तर्फबाट पुनः छानविन प्रक्रिया कानूनी तथा वैज्ञानिक ढंगले अगाडि बढाउने छौं भनी यो जानकारी गराउँदछौं ।

**ध्यानाकर्षण**

१) कि.नं. ६२२ क्षेत्रफल ०-७-० कठ्ठा जग्गा झापा जिल्ला वन क्षेत्र सुदृढीकरण उच्च स्तरीय आयोग तत्कालीन राज्य सरकारले सट्टा भर्नामा दिइएको हो । कुनै भूपाल किराती आयोगले दिइएको जग्गा होइन- भूपाल किराती आयोगको वितरित जग्गाहरु प्रायः सबै विवादमा छन् । विवादित जग्गाका सबै मिसीलहरु सर्वोच्च अदालतमा फाइलीङ र पेन्डिङ्ग छन्- हाललाई लागू गरिएको छैन् ।

२) भूमाफिया, गिरोह, विचौलिया जस्ता अपमानजन्य शब्दहरु प्रयोग गरी मानहानी गर्ने दुस्साहस कसैले नगरुन् जबसम्म अपराधी सार्वजनिक हुँदैन । सीमा र मर्यादामा रहेर जोकोहीले काम गर्न पाउँछ ।

३) नाप, जाँच, रेखांकन, स्थलगत निरीक्षण, फिल्ड कायम छानविन गर्ने जस्ता आश्वासन दिएको नापी कार्यालयले कम्पनीसंग पटक-पटक फोनमा इमेलमा वार्तालाप गरेको कुरा सबैलाई जानकारी गराउँदछौं ।

४) सत्ता र शक्तिबाट उन्माद भएर यदि सम्बन्धित निकाय संलग्न भई सञ्चालित भएको सबुत प्रमाण जुटेमा मालपोत तथा नापी कार्यालय भद्रपुर झापाले जनपक्षीय, जनसरोकार (३ करोड नेपाली जनता) लाई सत्यतथ्यको आधारमा सही स्पष्टीकरण दिनुपर्नेछ ।

५) नापी कार्यालय भद्रपुर झापाले पटक-पटक जारी नक्सालाई (कि.नं. ६२२ नं.को ससिम जग्गा) तोडमोड, फेरबदल, हेराफेरी गरी अरु कित्ता नं. चढाइएको नक्सामा (अपडेट) भेटिएको अवस्थामा नापी कार्यालयले कम्पनीको सबै क्षतिपूर्ति जी ट्रेडिङ्ग प्रालि ललितपुरलाई दिनुपर्नेछ । न्याय नपाए यो विषयमा अन्य कानूनी उपचार समेत कम्पनीले खोज्न बाध्य हुनेछ ।

G.Trading Pvt. Ltd.
जि.ट्रेडिङ प्रा.लि.
ललितपुर, नेपाल

gtrading643@gmail.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np



## समावेशीकरणको यात्रामा एउटा अभियान:
## पूर्वाञ्चल दैनिकद्वारा प्रकाशित लिम्बू भाषा (किरात सिरिजङ्गा लिपी)
# समावेशी नेपाल



[illegible]



[illegible]



[illegible]



[illegible]



[illegible]



[illegible]



[illegible]



[illegible]

**किरात याक्थुङ चुम्लुङ** जिल्ला कार्य समिति झापाको संयोजनमा सम्पादित **लिम्बू भाषा खण्डको** लागि सम्पादक **सेसेहाङ फियाक लिम्बू** (९८०७९१२०६६), सह-सम्पादक **सेसेमी सेनाल्वो** (९८१८७१०७४३), **डिल्लीश्वर मुसाहाङ आम्याङ्बा** (९८१७३०४०८०) ।









# श्रद्धाञ्जली















